मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क १९७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ साउन १३ गते मंगलबार ❑ 29 July 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## मुख्यमन्त्री पाण्डेको चीन भ्रमणमा व्यापार र पर्यटनमा सहकार्यको प्रस्ताव

**रासस**
काठमाडौं, १२ साउन

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे छिमेकी मुलुक चीनको साताव्यापी भ्रमण पूरा गरी सोमबार स्वदेश फर्कनुभएको छ।

नेपाल चीन कूटनीतिक सम्बन्ध स्थापना भएको ७० औँ वर्ष प्रवेशका अवसरमा तिब्बत सरकारद्वारा आयोजित कार्यक्रममा सहभागी हुनुभएका मुख्यमन्त्री पाण्डेले त्यहाँ रहँदा तिब्बत स्वायत्त क्षेत्रका लागि चिनियाँ कम्युनिष्ट पार्टी (सिपिसी)का महासचिव वाङ जुनफेङ ध्वलन व्गलशजभलन सँग भेटवार्ता गर्नुभएको थियो।



भेटका क्रममा उहाँले गण्डकी प्रदेश र तिब्बतसँग जोडिएको कोरला नाका नियमित सञ्चालन गरी दुई देशबीचको व्यापार र पर्यटन प्रवर्द्धनका लागि सहकार्यको प्रस्ताव गर्नुभएको मुख्यमन्त्रीका प्रेस संयोजक नरहरि सापकोटाले जानकारी दिनुभयो । तिब्बत नाका भएर नेपाली र अन्य विदेशीलाई मानसरोवरको यात्रा सहजीकरण गर्ने, चीनका सहरहरूबाट काठमाडौँ र पोखरामा सीधा हवाई उडान थप गर्ने, तिब्बत र गण्डकी प्रदेशबीच लगानी र पर्यटन प्रवर्द्धनमा सहकार्य गर्नुपर्नेमा मुख्यमन्त्री पाण्डेले जोड दिनुभएको थियो । नेपाली र चिनियाँ ठूला लगानीकर्ता आकर्षित गर्न कर छुटमा सहजीकरण गर्ने, पोखराबाट ल्हासा आउने पर्यटकको भिसा र प्रवेशपास उपलब्धतामा सहजीकरण र सहकार्य गर्नेलगायतका विषयमा महासचिव जुनफेङ र मुख्यमन्त्री पाण्डेबीच कुराकानी भएको प्रेस संयोजक सापकोटाले बताउनुभयो । सो अवसरमा मुख्यमन्त्री पाण्डेले तिब्बत सरकारले विभिन्न समयमा गर्दै आएको सहयोग, चीन सरकारको अनुदान र सहयोगमा निर्माण भएका पूर्वाधार, पर्यटन प्रवर्द्धनका गतिविधिले गण्डकी प्रदेशसँगको सम्बन्ध थप सुदृढ हुनेमा विश्वास व्यक्त गर्नुभएको थियो । 'सिपिसी'का महासचिव जुनफेङले कोरला नाकालाई व्यवस्थित गर्ने सन्दर्भमा गण्डकी सरकारले गरिरहेको प्रयासबारे आफू जानकार रहेको बताउँदै त्यसले दुई देशबीचको सहकार्यको अवसर सिर्जना गर्ने र यसबारे तिब्बत सरकार सकारात्मक रहेको बताउनुभएको थियो। दुई देशबीच पर्यटन, कृषि, उद्योगलगायत क्षेत्रमा सहकार्य गर्ने सन्दर्भमा तिब्बत सरकार तयार रहेको उहाँको भनाइ थियो। मुख्यमन्त्री पाण्डेसँग 'सिपिसी'का लिन्जी नगर समितिका सचिव र सो नगरका प्रमुखसँग पनि भेट गर्नुभएको थियो।

## गगनगौंडामा सम्पर्कमा आए सिन्धुलीका १६ जना

**पोखरापत्र संवाददाता**
पोखरा, १२ साउन

सिन्धुलीबाट बेपत्ता भएका हायू परियारका १६ सदस्य परिवार पोखरा ३० स्थित गगनगौंडामा सम्पर्कमा आएका छन् ।

स्थानिय सोमनाथ पौडेल र चन्द्र भण्डारीको घरमा हायू परिवारका १६ जना सदस्य छुट्टा छुट्टै दुईवटा घरमा बाँडिएर बसेको अबस्थामा उनीहरुलाई भेटिएको जिल्ला प्रहरी कार्यालय कास्कीका एसपी श्यामबाबु ओलियाले बताए।

संचार माध्यम र सामाजिक संजालमा उनीहरु वेपत्ता भएको खबर आए पछि आफुहरुले यस क्षेत्रमा पनि बुझ्दै जादा होटलमा बसेर गगनगौडा तर्फ गएको भन्ने सूचनाको आधारमा उनीहरुलाई सम्पर्कमा ल्याएको प्रहरीले जनाएको छ। उनीहरू गत शनिबार नै पोखरा हल्लनचोकमा रहेको होटल जननीमा पुगेर बसेका थिए । उनीहरु शनिबार



आएका भोलि पल्ट आइतबार नै होटलबाट चेक आउट गरेर निस्किएको होटलका सञ्चालक सुनिल भूर्तेलले बताए । उनका अनुसार तीन वटा कोठा लिएर उनीहरू बसेका थिए । उनीहरुले ज्यामी कामको खोजिमा पोखरा आएको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ । गगनगौडामा ज्यामी काम गर्छौं भनेर दुइ घरमा बाडिएर बसेको स्थानियले बताए ।

उनीहरुको घर जंगलले घेरिएको अनकान्टारमा जस्ताले छाएको अबस्थामा थियो ।

हाल उनीहरुको घर भत्केको र घरमा आगलागी भएको अवस्थामा रहेको स्थानियले बताएकाछन् । गाउँमा बस्दा पटक पटक रोग लाग्ने जंगलमा घर भएकोले उपचार गर्न पनि कठिन भएर आफुहरु घर छाडेर कामको खोजिमा हिड्ने क्रममा पोखरा आई पुगेको बताइन्छ । १६ सदस्यमा बालबालिकाहरु बढी रहेका छन भने सिन्धुलीबाट एउटा गाडीले सिधै पोखरा ल्याएको बताइन्छ ।

## उपल्लो मुस्ताङ पुगेका विदेशी पर्यटकबाट २९ करोड राजस्व

**पोखरापत्र संवाददाता**
म्याग्दी, १२ साउन

आर्थिक वर्ष २०८१/८२ मा उपल्लो मुस्ताङ भ्रमण गरेका विदेशी पर्यटकबाट नेपाल सरकारले रु २९ करोड ११ लाख ११ हजार राजस्व सङ्कलन गरेको छ।

त्यहाँ चार हजार दुई सय १९ जना विदेशी पर्यटकले उपल्लो मुस्ताङको भ्रमण गरेवापत नेपाल सरकार अध्यागमन विभागले उक्त राजस्व सङ्कलन गर्न सफल भएको हो । सरकारले उपल्लो मुस्ताङलाई निषेधित तथा नियन्त्रित क्षेत्रको सूचीमा राखेका कारण उपल्लो मुस्ताङ भ्रमण गर्ने पर्यटकले उच्चस्तरको पर्यटकका रूपमा प्रवेशआज्ञा अनुमति लिनुपर्ने प्रावधान छ। त्यहाँ जाने विदेशी पर्यटकलाई अध्यागमनले विभागले १० दिनको प्रवेशआज्ञा अनुमतिपत्र स्वरूप पाँच सय डलर शुल्क उठाउने गरिएको छ। त्यहाँ अनुमति बेगर जाने विदेशी पर्यटकहरू अवैध रूपमा प्रवेश गरिएको मानिन्छ । सरकारलाई त्यहाँ तोकिएको शुल्क बुझाएर अनुमति लिई जाने विदेशी पर्यटकलाई १० दिन कटेपछि थप दैनिक ५० डलर अतिरिक्त शुल्क तिर्नुपर्ने हुन्छ। सरकारले गत वर्ष त्यहाँ पुगेका विदेशी पर्यटकबाट २१ लाख नौ हजार पाँच सय अमेरिकन डलर राजश्व सङ्कलन गरेको हो। यहाँको वारागुङ मुक्तिक्षेत्र-४ कागबेनीदेखि माथिको क्षेत्रलाई सरकारले निषेधित तथा नियन्त्रित क्षेत्रको रूपमा घोषणा गरेकाले उपल्लो मुस्ताङमा एकदमै न्यून विदेशी पर्यटकहरू मात्रै पुग्ने गरेको पाइएको छ । आर्थिक वर्ष २०८१/८२ को बाह्र महिनाको अवधिमा ७३ राष्ट्रका कूल चार हजार दुई सय १९ जना विदेशी पर्यटकले उपल्लो मुस्ताङको भ्रमण गरेको एक्याप लोमान्थाङका प्रमुख उमेश पौडेलले जानकारी दिनुभयो।

उपल्लो मुस्ताङमा उक्त सङ्ख्यामा विदेशी पर्यटक भित्रिदा चार सय ३६ जना फ्रान्सेली पर्यटकले उपल्लो मुस्ताङको भ्रमण गरेका थिए । यो सङ्ख्या कूल विदेशी पर्यटक सङ्ख्याको (१०.३३) प्रतिशत हो । यसैगरी सोहीवर्ष सबैभन्दा कम १२ राष्ट्रका एकएक जना विदेशी पर्यटकले उपल्लो मुस्ताङको भ्रमण गरेको एक्याप लोमान्थाङ प्रमुख पौडेलको भनाइ छ।

एक्याप लोमान्थाङको तथ्याङ्कअनुसार आव २०८०/०८१ मा ७१ राष्ट्रका तीन हजार ४४३ जना विदेशी पर्यटकले उपल्लो मुस्ताङको भ्रमण गरेका थिए । त्यसबेला उपल्लो मुस्ताङ भित्रिने कुल विदेशी पर्यटक सङ्ख्यामध्ये ३९९ जना फ्रान्सेली पर्यटक थिए। यो सङ्ख्या कुल पर्यटकको (११.५८) प्रतिशत हो । यसैगरी सोही वर्ष सबैभन्दा कम ७ राष्ट्रका एकएक जना विदेशीले

बाँकी अन्तिम पृष्ठमा ▶▶

## एमसिसीको निरन्तरता

**रासस**
काठमाडौं, १२ साउन

अमेरिकी सहायता संस्था मिलेनियम च्यालेञ्ज कर्पोरेशन (एमसिसी) को अनुदानमा नेपालमा सञ्चालन हुने कार्यक्रमहरूले निरन्तरता पाउने भएका छन् । अर्थमन्त्रालयका अनुसार एमसिसीको यही साउन ८ गतेको पत्रअनुसार नेपालमा सञ्चालित एमसिसीका कार्यक्रमले निरन्तरता पाएका हुन् ।

"नेपाल सरकार र उक्त निकायबीच २०७४ साल भदौ २९ गते सम्पन्न कम्प्याक्ट सम्झौता गत माघ ७ गतेको अमेरिकी राष्ट्रपतिको आदेशअनुसार पुनरावलोकनका लागि स्थगित भएको थियो", अर्थमन्त्रालयले सोमबार जारी गरेको विज्ञप्तिमा भनिएको छ, "सो सम्बन्धमा यही साउन ८ गते कार्यक्रम पुनरावलोकन भएको र नेपाल कम्प्याक्टको निरन्तरताका लागि सिफारिस भएको पत्र प्राप्त भएको छ।"


## संविधान संशोधन सहित २५ बुँदे माग

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १२ साउन

डां बावुराम भट्टराईको पार्टी नेपाल समाजवादी पार्टी (नयाँ शक्ति) स्याङ्जाले संविधान संशोधन सहित २५ बुँदे माग राखेर ज्ञापनपत्र बुझाएको छ।

स्याङ्जाका प्रमुख जिल्ला अधिकारी इश्वरीप्रसाद अर्याल मार्फत प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयलाई २५ बुँदे संविधान संशोधन सहित देशलाई अग्रगमनतर्फ लैजान ज्ञापनपत्र बुझाएको हो । समाजवादीका जिल्ला संयोजक भरत पाठक र जिल्ला इन्चार्ज टिकाराम रेग्मीद्धारा हस्ताक्षर गरिएको ज्ञापनपत्रमा नेपालका राजनीतिकदलहरु हिजोकै सोच, स्कुलिङ र पुर्वाग्रहबाट चलेको आरोप लगाइएको छ।

बदलिएको नयाँ युगलाई पुरानो राजनीतिक चेतनाले नेतृत्व दिन नसकेको ज्ञापनपत्रमा उल्लेख गर्दै राजनीतिक विचारलाई समय सापेक्ष बनाउदै लैजानुपर्ने सुझाव दिइएको छ । पुराना पार्टीले देशको विकास गर्न र सुशासन कायम गर्न असफल भइसकेको अवस्थामा संविधान संशोधन गरेर देशलाई निकास दिन ज्ञापनपत्रमा माग गरिएको छ । स्याङ्जाका प्रजिअ मार्फत प्रधानमन्त्रीको कार्यालयमा पठाउन बुझाइएको ज्ञापनपत्रमा देशको दिगो विकासका लागि प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति, प्रत्यक्ष निर्वाचित मुख्यमन्त्री, विज्ञता र दक्षताको आधारमा मन्त्रीमण्डल बन्नुपर्ने उल्लेख गरिएको छ । त्यसैगरी सबैका लागि समृद्धि, समानुपातिक र समावेसी विकास, उच्च पदस्थ पदमा रहेका व्यक्तिहरुको सम्पति छानविन र शक्तिशाली जनलोकपाल गठन, जनमैत्री प्रविधियुक्त कर्मचारी प्रशासन, सिद्धार्थ राजमार्गको स्तरोन्नती, पोखरा बिमानस्थललाई नियमित संचालनको व्यवस्था, आँधीखोलालाई बिजुली सिंचाई पर्यटनको विकासका लागि बहुउदेश्यीय योजना बनाउनु पर्ने लगायत २५ बुँदे माग उल्लेख गरिएको छ। लोकतन्त्रको नाममा दलतन्त्र र दलतन्त्रको नाममा नेतातन्त्रको मुलुकमा हावी हुदै गयो ज्ञापनपत्रमा उल्लेख गरिएको छ,'नेतातन्त्रको नाममा शिर्षनेताको सिन्डिकेट हाबी हुँदा मुलुकले दुख पायो ।' नेतृत्वकै संरक्षणमा भष्ट्रचारको विगविगी भइरहदा सुशासनको कमजोर भएको महशुष गरिएको छ ज्ञापनपत्रमा भनिएको छ । युवाहरु रोजगारीको लागि विदेशिन बाध्य तुल्याउनुले यस्तो अवस्थामा देशलाई नेतृत्व दिन सक्ने दुरगामी सोच, उन्नत संस्कार, प्रभावकारी कार्यशैली भएको बैकल्पीक नयाँ शक्तिको आवश्यक भएको महशुष नयाँ शक्तिले गरेको उल्लेख गरिएको छ । ठुला र पुराना दलहरुकै कारण मुलुकले निकास नपाएको भन्दै विभिन्न माग राखेर प्रजिअ मार्फत ज्ञापनपत्र बुझाएको समाजवादीका जिल्ला इन्चार्ज रेग्मीले बताए । यस्तै सोच र नेतृत्वको सिण्डिकेट रहिरहने हो भने मुलुकले अझै ठुलो संकट सामाना गर्नुपर्ने रेग्मीको भनाई थियो ।



# विश्वकर्मा समाज नेपालको तेह्रौं साधारण सभामा सम्मान कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, १२ साउन



विश्वकर्मा समाज नेपाल केन्द्रीय कार्यालय कास्कीको तेह्रौं साधारण सभा, एसइई सम्मान, विशिष्ट व्यक्तित्व सम्मान र जेष्ठ नागरिक सम्मान कार्यक्रम माननीय मन्त्री विन्दु कुमार थापा, यूवा खेलकुद तथा सामाजिक विकास मन्त्रालय गण्डकी प्रदेशको प्रमुख आतिथ्यतामा सम्पन्न भएको छ।

समाजका अध्यक्ष रन बहादुर विश्वकर्माको अध्यक्षतामा भएको कार्यक्रममा ५० जना एसइई उत्तीर्ण विद्यार्थी, ६ जना विशिष्ट र ४० जना जेष्ठ नागरिक वा आमालाई सम्मान गरिएको थियो। आफ्नो जातीय हकहित पहिचान र सामाजिक सदभाव र विकासको क्षेत्रमा समाजले खेलेको अग्रणी भूमिकाको उच्च प्रशंशा गर्दै प्रमुख अतिथि माननीय मन्त्रीले सबै जातजाती समुदाय मिलेर सामाजिक, सद्भाव र देश विकासमा लाग्नुपर्ने कुरा बताउनु भयो।

सम्मानित व्यक्तित्व रामबहादुर मोची, कृषि समिति सभापति दमयन्ति रुचाल र बास्तुविद पण्डित लक्ष्मण रसाईलीले खुशी व्यक्त गर्दै समाजलाई यसैगरी अगाडि बढाउँन शुभकामना दिनुभएको थियो । विश्वकर्मा महिला समितिको पनि साधारण सभा सम्पन्न भएको थियो। महासचिव लालसिंह घतानेले संचालन गर्नु भएको कार्यक्रममा संस्थापक एवम् निवर्तमान अध्यक्ष गणेश बराईली, महिला समिति अध्यक्ष कौशिला बराईली, विश्व हिन्दु महासंघ केन्द्रीय सहअध्यक्ष शंकर खराल, उपाध्यक्ष मन्जु घिमिरे, उपाध्यक्ष वेल बहादुर विश्वकर्मा, सल्लाहकार खड्ग बहादुर विश्वकर्मा र कोषाध्यक्ष डील बहादुर सुनार, कमला सुनार र पद्मा घतानेले आ-आफ्नो धारणा राख्नुभएको थियो।

# रोट्रायक्ट लेकसाइडको अध्यक्षमा नम्रता लम्साल

**पोखरापत्र संवाददाता**
पोखरा, १२ साउन




रोट्र्याक्ट क्लब अफ पोखरा लेकसाइडले आफ्नो वार्षिक पदस्थापना समारोह हालै सम्पन्न गरेको छ छ। यस अवसरमा २०२४/२५ को कार्यकाल समीक्षा गरिएको थियो भने २०२५/२६ को नयाँ नेतृत्व टिमले पदभार ग्रहण गरेको छ।

कार्यक्रम संचालन सचिव सुजन ढुङ्गाना र सदस्य स्वस्तिका शर्माले गरेका थिए। रोट्र्याक्टका डि आर आर. दिनेश गैरे, विशेष अतिथिका रूपमा रोटरी क्लब अफ पोखरा लेकसाइडका अध्यक्ष रोटेरियन राजेन्द्र लिगल, चार्टर अध्यक्ष रोटेरियन सुवास मल्ल, जोन-१६ का जोनल प्रतिनिधि श्रीनाथ वाग्ले लगायत व्यक्तिहरुले समय सान्दर्भिक विषयमा चर्चा गरेका थिए।

पूर्व अध्यक्ष ई आशिष पौडेलले आफ्नो कार्यकालको प्रतिवेदन प्रस्तुत गर्दै क्लबले गत वर्षमा सम्पन्न गरेका विभिन्न सामाजिक सेवा, युवा विकास, र व्यावसायिक विकासका कार्यक्रमहरूको विस्तृत जानकारी दिए। उनले क्लबका सदस्यहरू, सल्लाहकार समिति, र समर्थकहरूप्रति आभार व्यक्त गरे।पदस्थापना समारोहको मुख्य आकर्षण नयाँ अध्यक्ष नम्रता लाम्सलले पदभार ग्रहण गरेको थियो। रोटेरियन शोभाकान्त सिग्देल (पूर्व अध्यक्ष, रोटरी क्लब) ले नयाँ अध्यक्षलाई परिचय गराउँदै मुख्य अतिथि रो. दिनेश गैरेले शपथ दिलाए। यसै क्रममा चार्टर प्रमाणपत्र, कलर, गोंग र गभेलको औपचारिक हस्तान्तरण सम्पन्न भयो।

नयाँ अध्यक्ष रो. लाम्सलले आफ्नो स्वीकारोक्तिमा क्लबको गतिविधिहरू विस्तार गर्ने, युवा सशक्तिकरणमा केन्द्रित कार्यक्रमहरू सञ्चालन गर्ने, र समुदाय विकासमा ठूलो योगदान पुर्याउने बचन दिइन्। उनले आफ्नो कार्यकालमा नवीनतम प्रविधि र रचनात्मकतालाई समेट्ने र क्लबको प्रभावकारिता बढाउने योजना पनि सुनाइन्। क्लब अफ पोखरा लेकसाइडको परम्परा हो। यस वर्ष पनि प्रकाशन समिति संयोजक तथा क्लब कोषाध्यक्ष रो. सुन्दर पौडेलको नेतृत्वमा यो परम्परा कायम गर्दै "पाईला" स्मारिका प्रकाशित गरिएको छ। क्लबले यस स्मारिका मार्फत आफ्ना गतिविधिहरू, उपलब्धिहरू र अनुभवहरू संकलन गरी सार्वजनिक गरेको छ।

समारोहका विशेष उल्लेखनीय क्षणहरूमा विभिन्न वक्ताहरूले सम्बोधन गरेका थिए। पूर्व अध्यक्ष र जिल्ला ३२९२ का डिआरआर एड बिकल्प के.सी.ले आफ्नो विचार व्यक्त गरे। विशेष अतिथिका रूपमा जोन-१६ का जोनल प्रतिनिधि श्रीनाथ वाग्लेले जोन स्तरका गतिविधिहरूबारे विस्तृत जानकारी दिए। पूर्व अध्यक्ष तथा जिल्ला कर्पोरेट सम्बन्ध र साझेदारी अध्यक्ष रोहित दाहालले क्लबका पूर्व गतिविधिहरूमा प्रकाश पार्दै नयाँ नेतृत्वलाई सुझावहरू प्रस्तुत गरे। क्लबका चार्टर अध्यक्ष सुवास मल्लले क्लबको ऐतिहासिक विकासक्रम र महत्त्वपूर्ण उपलब्धिहरू सम्झाउँदै नयाँ टिमलाई मार्गदर्शन दिए। रोटरी क्लब अफ पोखरा लेकसाइडका अध्यक्ष रोटेरियन राजेन्द्र लिगलले रोटरी-रोटार्याक्ट सहकार्यको महत्त्व र भविष्यका योजनाहरूबारे आफ्नो सम्बोधनमा विस्तार गरे। मुख्य अतिथि डिआरआर रो. दिनेश गैरेको परिचय सम्बन्धी विशेष भिडियो प्रदर्शन पछि उनले आफ्नो प्रेरणादायी सम्बोधनमा क्लबको भविष्यका लागि महत्त्वपूर्ण निर्देशनहरू र आव्हानहरू राखे । सर्जेन्ट-एट-आर्म्स रिपोर्टमा रो. सञ्जु ढुङ्गानाले कार्यक्रमको सुचारु संचालन, अनुशासन र सुरक्षा सम्बन्धी विवरण प्रस्तुत गर्दै समारोह सफल बनाउन सहयोग पुर्याउने सबैलाई धन्यवाद जनाए । कार्यक्रमको समापनमा क्लब कोषाध्यक्ष सुन्दर पौडेलले आभार प्रस्ताव राख्दै समारोह सफल बनाउन सहयोग पुर्याउने सबैलाई धन्यवाद जनाए। उनले विशेष गरी कार्यक्रम आयोजनामा सहयोग पुर्याउने स्वयंसेवकहरू, सहयोगी संस्थाहरू, र मिडियाकर्मीहरूप्रति कृतज्ञता व्यक्त गरे।

क्लबले पूर्व अध्यक्ष इ. आशिष पौडेललाई उनको सफल कार्यकालको लागि हार्दिक धन्यवाद र शुभकामना व्यक्त गर्दछ। नयाँ अध्यक्ष र नम्रता लाम्सल र सम्पूर्ण नयाँ नेतृत्व टिमलाई क्लबको उज्ज्वल भविष्यका लागि शुभकामना व्यक्त गरिन्छ। नयाँ कार्यकालमा क्लबले अझै धेरै उपलब्धिहरू हासिल गर्ने विश्वास गरिन्छ । यसरी रोटारककक्ट क्लब अफ पोखरा लेकसाइडको २०२५/२६ को नयाँ नेतृत्व टिमले पदभार ग्रहण गरेको छ। नयाँ अध्यक्ष लाम्सलको नेतृत्वमा क्लबले सेवा, सद्भावना र समुदाय विकासका क्षेत्रमा नयाँ माथि चढ्ने अपेक्षा गरिएको छ। समारोहमा रोटेरियनहरू, अभिभावकहरू, डिस्ट्रिक्ट टिम, जोनल टिम, पूर्व अध्यक्षहरू, क्लब सदस्यहरू र स्वयंसेवकहरूको सक्रिय सहभागिता रहेको थियो।

# जनप्रिय क्याम्पसमा विद्यार्थीलाई स्वागत तथा अभिमुखीकरण कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, १२ साउन



पोखरास्थित जनप्रिय बहुमुखी क्याम्पसमा सोमबार कक्षा ११ मा भर्ना भएका नवआगन्तुक विद्यार्थीहरूका लागि एक स्वागत तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ।

क्याम्पसका प्लस टु कार्यक्रम संयोजक गणेश चालिसेको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा जनप्रिय क्याम्पस सञ्चालक समितिका अध्यक्ष प्रमुख अतिथि वीरेन्द्रनारायण बिजुक्छे र विशिष्ट अतिथि क्याम्पस प्रमुख कृष्णबाबु बरालले नवआगन्तुक विद्यार्थीहरूलाई खादा, माला र अबिर लगाई स्वागत गर्नुभएको थियो। प्रमुख अतिथि बिजुक्छेले जनप्रिय क्याम्पसलाई उत्कृष्ट शैक्षिक संस्थाका रूपमा रोजेकोमा विद्यार्थीहरूलाई हार्दिक स्वागत गर्दै शैक्षिक सफलताको कामना गर्नुभएको थियो । साथै, आगामी दिनमा लगनशील र अनुशासित भई अध्ययन गर्नुपर्ने कुरामा जोड दिनुभएको थियो । सोही कार्यक्रममा क्याम्पस प्रमुख कृष्णबाबु बरालले विद्यार्थीहरूलाई शैक्षिक सफलताको शुभकामना व्यक्त गर्दै दक्ष जनशक्ति बन्न प्रेरणा प्रदान गर्नुभयो । विज्ञान संकायका रामबाबु मण्डल, शिक्षा विभागका विभागीय प्रमुख रमेश थापा र अर्थशास्त्र विभागका विभागीय प्रमुख शिलु चालिसेले पनि विद्यार्थीहरूलाई स्वागत तथा शुभकामना व्यक्त गर्नुभएको थियो । कार्यक्रममा कक्षा १२ का विद्यार्थी आश्विन पोखरेल, पूजना थापा, आरती ढकाल, अन्जु थापा र नवआगन्तुक विद्यार्थी सपना क्षेत्रीले पनि आफ्ना भनाइ राखेका थिए । विद्यार्थी हित शाखा प्रमुख बेदहरी तिमिल्सिनाले विद्यार्थीहरूलाई अभिमुखीकरण गर्नुभएको उक्त कार्यक्रममा स्वागत मन्तव्य अंग्रेजी विभागका विभागीय प्रमुख टंकराज बरालले राख्नुभएको थियो भने कार्यक्रमको सञ्चालन सामाजिक शिक्षण विभाग प्रमुख वेदहरी तिमिल्सिनाले गर्नुभएको थियो।

# झींगु नेवाः छेः खल पोखराको अध्यक्षमा पुनः भिमकुमार

**पोखरापत्र संवाददाता**
पोखरा, १२ साउन



झींगु नेवाः छेः खल पोखरा ११, १२ र १३ को तेस्रो तथा चौथौ वार्षिक साधारण सभा एवं प्रथम अधिवेशनले भिम कुमार श्रेष्ठलाई पुन : अध्यक्ष पदमा चयन गरेको छ।

शनिवार भएको अधिवेशनले भिमलाई अध्यक्ष पदमा चयन गरेको हो । खलको वरिष्ठ उपाध्यक्षमा मायादेवी तभ्रूया, उपाध्यक्षमा निर्मला श्रेष्ठ, उपाध्यक्षमा वकावली शाक्य रञ्जित, उपाध्यक्षमा नारायण श्रेष्ठ, सचिवमा राजेश श्रेष्ठ, कोषाध्यक्षमा सोनी ढेवाजू, सह सचिवमा शंकरलाल श्रेष्ठ, सह कोषाध्यक्षमा शुसिला श्रेष्ठ रहेका छन्।

त्यसैगरी सदस्यहरुमा क्रमश मदन ढेवाजू, सविना तभ्रूया, दिपेश श्रेष्ठ, सरस्वती तभ्रूया, सिता ढेवाजू, नारायण ताम्राकार, मनिराज श्रेष्ठ, धुर्व कुमार श्रेष्ठ, विदुर कुमार श्रेष्ठ, लक्ष्मण श्रेष्ठ, गंगादेवी तभ्रिया र नविन श्रेष्ठ रहेका छन् । गण्डकी प्रदेशका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री विन्दुकुमार थापाले अधिवेशनको उद्घाटन गरेका थिए।

सोही कार्यक्रममा मिस एसइइमा सेकेन्ड रन अप प्राप्त गरेकी आइको लक्ष्मी वाटाजुलाई सम्मान गरियो । त्यसैगरी मिस एसइइ मा फस्ट रन अप प्राप्त भारतको केरलाका टिन ग्लामर इन्टर नेशनल प्रतियोगितामा सेकेन्ड रन अफ प्राप्त गरेकि प्रिन्सु गुरुङलाइ पनि सम्मान गरियो। झींगु नेवाः छेः खल पोखरा ११, १२ र १३ का अध्यक्ष भिमकुमार श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा वरिष्ठ उपाध्यक्ष मायादेवी तभ्रूयाले स्वागत, कोषाध्यक्ष सोनी ढेवाजूले संचालन गरेकी थिइन्।

कार्यक्रममा वडा नं १ का वडा अध्यक्ष साहारा प्रधान, वडा नं ११ का वडा अध्यक्ष प्रेमप्रसाद कर्माचार्य, शिक्षासेवी तथा समाजसेवी टिका कार्की, नेवा खलः कास्कीका अध्यक्ष अशोक पालिखे, नेवाः मिसा पुच कास्कीका अध्यक्ष संगिता बज्राचार्य र भीगु नेवाः छेः खलका सल्लाहकार निर्मल कर्मचार्य लगायतले शुभकामना व्यक्त गरेका थिए।

# बाटुलेचौरमा लाखे नाच देखाइने

**पोखरापत्र संवाददाता**
पोखरा, १२ साउन



नेवार समुदायमा प्रचलित सांस्कृतिक नाच लाखे नाच पोखराको बाटुलेचौरमा प्रदर्शन गरिने भएको छ।

नेवाः खलः बाटुलेचौरको ब्यवस्थापनमा नेवारी संस्कृतिको संरक्षण तथा प्रवर्द्धनका लागी यही साउन १३ गते नाग पञ्चमीका दिन बेलुकी स्थानीय बाटुलेचौर, मैदानमा नाच देखाउन लागिएको हो।

पछिल्लो पुस्तालाई नेवा संस्कृति र कलाको विषयमा जानकारी दिन पनि उक्त नाचले सहयोग पुग्ने वडाध्यक्ष अमृत शर्मा तिमिल्सिनाले बताउनुभयो। वडाध्यक्ष तिमिल्सिनाले उक्त नाच हेर्न र अवलोकनका लागि स्थानीयलाई आग्रह समेत गर्नुभएको छापोखराको बाटुलेचौर र लामाचौर क्षेत्रमा पनि नेवार समुदायको बसोबास रहेको छ। सो समुदायले संस्था नै गठन गरी नेवारी भाषा, कला र संस्कृतिको संरक्षण गर्दै आएका छन् । समुदायले गाइजात्राको दिन लगायत विभिन्न पर्वहरूमा आफ्नो सांस्कृतिक भेषभुषा सहितका कार्यक्रम सञ्चालन गर्ने गरेका छन्।

## उपल्लो ...

उपल्लो मुस्ताङको भ्रमण गरेको एक्याप लोमान्थाङको तथ्याङ्कमा उल्लेख छ। चालु आवको साउनदेखि ११ गतेसम्ममा १५ राष्ट्रका ६६ जना विदेशी पर्यटकले उपल्लो मुस्ताङको भ्रमण गरेका छन् । जसमध्ये सबैभन्दा धेरै बेल्जियमका १३ जना र सबैभन्दा कम लक्जेम्बरका एक जना विदेशी पर्यटक छन् । आव २०८१/८२ को साउनदेखि असार महिनासम्म कूल एक लाख ५० हजार चार सय ५६ जना विदेशी पर्यटक मुस्ताङ भित्रिएका थिए।

यहाँ भित्रिएका विदेशी पर्यटक सङ्ख्याको तुलनामा (२.८०) प्रतिशत मात्रै विदेशी पर्यटक उपल्लो मुस्ताङ भित्रिएको तथ्याङ्कले देखाउँछ। आव २०८०/८१ को तुलनामा आव २०८१/८२ मा (१८.३९) प्रतिशत विदेशी पर्यटक वृद्धि भएको कार्यालय प्रमुख उमेश पौडेलले जानकारी दिनुभयो । त्यहाँ निषेधित क्षेत्रे कायम रहँदा उपल्लो मुस्ताङको पर्यटन व्यवसाय धरासयी भएको भन्दै उपल्लो मुस्ताङका जनप्रतिनिधि र पर्यटन व्यवसायीहरू असन्तुष्ट छन् । त्यहाँ कायम गरिएको निषेधित क्षेत्र खुला गर्न माग राख्दै पटक/पटक सरकारको ध्यानाकर्षण गर्ने गरिएको छ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आशा गरिबको सबै भन्दा ठूलो सम्पत्ति हो ।
- एल्फ्रेड डे

## सम्पादकीय

# कांग्रेस नै अस्थिरतामा रमाउने ?

नेपालका राजनीतिक दलका नेता यति अस्थिर छन कि एक वर्ष सरकार टिक्नु युद्ध जिते जस्तै हुन्छानौ महिनामा सरकार फेरिने रोग अन्त्य गर्न दुई ठूला दल मिलेर सरकार बनाउँदा पनि अस्थिरता कायमै रहनु विडम्बना हो। संविधानले सरकार बनेको दुई वर्षसम्म अविस्वासको प्रस्ताव ल्याउन पाइदैन भनेको छ। तर विश्वासको मत लिनुपर्ने व्यवस्थाले अस्थिरताको हतियार कायमै छ। अझ सत्ताको नेतृत्व गरेको दल भित्रको अस्वस्थ गतिविधिले दलहरूलाई अविश्वसनीय बनाएको छाअहिले वाग्मती प्रदेश सरकार नेपाली कांग्रेसको आन्तरिक द्वन्द्वको चपेटामा परेको छ। प्रदेशसभामा सबैभन्दा ठूलो पार्टी नेपाली कांग्रेस हो। उसकै नेतृत्वको सरकार भने आन्तरिक संघर्षले धरापमा परेको छ। नेपाली कांग्रेसका वाग्मती प्रदेश सभापति समेत रहेका मुख्यमन्त्रीका आकांक्षी इन्द्र बानियाँले बहालवाला मुख्यमन्त्री बहादुरसिंह लामालाई संसदीय दलको नेता विस्थापित गर्दै मुख्यमन्त्रीमा पुग्ने खेल शुरु गरेका छन। उनले संसदीय दलमा कांग्रेसका ३७ सांसदमध्ये २१ जनाको हस्ताक्षरसहित अविश्वास प्रस्ताव पनि दर्ता गरिसकेका छन्।

प्रदेशसभामा संसदीय दलको नेताको निर्वाचनका लागि पार्टीको केन्द्रीय समितिको प्रतिनिधि उपस्थित हुनुपर्ने प्रावधान छ। उक्त प्रावधानअन्तर्गत संघीय सांसद समेत रहेका केन्द्रीय सदस्य केसी प्रतिनिधि बनेका छन्। उनलाई सकेसम्म चुनावमा नपुगी मिलाउने प्रयास गर्न भनिएको छ। पार्टी सभापति शेरबहादुर देउवा मुख्यमन्त्री बहादुरसिंह लामालाई निरन्तरता दिने पक्षमा छैनन्। दुवै पक्षको अडानले कांग्रेसको द्वन्द्व थप चर्किने संकेत गर्छ। यो द्वन्द्वले कांग्रेसको संस्थापन र महामन्त्रीद्वयले अराजक भनेको 'कोसी प्रकरण' भन्दा थप जटिल मोडमा पुऱ्याउने बाटो तय गरेको छ। सांसदहरूको हस्ताक्षर हेर्दा अविश्वास प्रस्तावका पक्षमा बहुमत पुग्ने निश्चित छ। बहुमत भएपछि अविश्वास प्रस्ताव पारित हुन्छ। संसदीय दलको नेताबाट बहादुरसिंह विस्थापित हुन्छन्। त्यसपछि बानियाँ संसदीय दलको नेता बन्न रोकिने अवस्था छैन। तर, लक्ष्य संसदीय दलको नेता नभएर मुख्यमन्त्री भएकाले जटिलता भने त्यसपछि सुरु हुने अवस्था छ। वाग्मती प्रदेशमा हालको सरकार संविधानको धारा १६८(२)बाट बनेको हो। यो धाराबाट बन्ने मुख्यमन्त्री संसदीय दलको नेता हुनु अनिवार्य नभएको हुँदा संसदीय दलको नेता परिवर्तन हुँदैमा मुख्यमन्त्रीबाट लामा विस्थापित हुँदैनन्। संविधानको धारा १६८(२)मा भनिएको छ, "उपधारा (१) बमोजिम प्रदेशसभामा कुनै पनि दलको स्पष्ट बहुमत नरहेको अवस्थामा प्रदेशसभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलहरूको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रदेशसभाको सदस्यलाई प्रदेश प्रमुखले मुख्यमन्त्री नियुक्त गर्नेछ।"

संसदीय दलको सदस्य मुख्यमन्त्री बन्ने अवस्था भएपछि लामा मुख्यमन्त्रीबाट आफैँ हटेनन् भने समस्या सुरु हुने अवस्था छ। संविधानको धारा १८८को ४ मा प्रदेशका मुख्यमन्त्रीविरुद्ध अविश्वास प्रस्तावसम्बन्धी व्यवस्था छ। तर, मुख्यमन्त्री नियुक्त भएको दुई वर्षसम्म र एकपटक विश्वासको मत पाए थप एक वर्षसम्म अविश्वासको प्रस्ताव लैजान पाइँदैन। "प्रदेशसभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्यहरूमध्ये एक चौथाइ सदस्यले मुख्यमन्त्रीमाथि प्रदेशसभाको विश्वास छैन भनी लिखित रूपमा अविश्वासको प्रस्ताव पेस गर्न सक्ने छन्," संविधानको धारा १८८(४)मा थप भनिएको छ, "तर मुख्यमन्त्री नियुक्त भएको पहिलो दुई वर्षसम्म र एकपटक राखेको अविश्वासको प्रस्ताव असफल भएको एक वर्षभित्र त्यस्तो अविश्वासको प्रस्ताव पेस गर्न सकिने छैन।" मुख्यमन्त्रीविरुद्ध अविश्वास प्रस्तावको बाटो बन्द रहेकाले अब विकल्प भनेको सरकारलाई समर्थन दिएको दलले समर्थन फिर्ता लिने हो। कांग्रेस-एमाले सरकारमा आन्तरिक झगडामा उत्रिएको कांग्रेसले सरकार ढाल्न एमालेको साथ खोज्नुपर्ने हुन्छ। एमालेले साथ दियो भने पनि सरकार ढल्ने सुनिश्चितता रहँदैन।

बानियाँका पक्षमा हस्ताक्षर गरेको सांसदहरू बानियाँतिर लागे १८ सांसद लामतर्फ हुनेछन्। एमालेले समर्थन फिर्ता लिँदा उसका २७ र कांग्रेसका २१ सांसद हुँदा ४८ सांसद मात्र पुग्नेछन्। ११० सदस्यीय प्रदेशसभामा बहुमतका लागि ५६ सांसद आवश्यक पर्छ। सत्तारूढ दल आन्तरिक किचलोमा फसेको हेरिरहेका विपक्षीहरूले लामालाई समर्थन गरे उनी मुख्यमन्त्री कायम मात्र हुनेछैनन् वाग्मतीमा सत्तागठबन्धन नै तहसनहस हुनेछ। त्यसपछि भने 'कोसी प्रकरण'को पुनरावृत्ति वाग्मतीमा हुनेछ। केन्द्रमा कांग्रेस-माओवादी गठबन्धन चलिरहेका बेला कोसीमा कांग्रेस-एमाले सरकार बनेको थियो। पुष्पकमल दाहाल 'प्रचण्ड'ले कांग्रेसलाई धोका दिएर गत ०८० फागुन २१ मा एमालेसँग गठबन्धन गर्दा 'कोसी प्रकरण'लाई पनि प्रवृत्तिका हिसाबमा गठबन्धन तोड्नुपर्ने कारणका रूपमा प्रस्तुत गरेका थिए। अब वाग्मतीमा माओवादीले कोसीमा एमालेको भूमिका निर्वाह नगर्ला भनेर विश्वास गर्ने अवस्था छैन। एमालेलाई भने कांग्रेसलाई सहयोग गर्न अर्को जटिलता पनि छ। दीर्घ सोडारीलाई मुख्यमन्त्री नियुक्त गरेकोविरुद्ध सुदूरपश्चिम प्रदेश सरकारका विषयमा सर्वोच्च अदालतले प्रतिपादन गरेको सिद्धान्तमा एउटै धाराको प्रयोग पटक-पटक गर्न पाइने छैन। यस्तो अवस्थामा प्रदेशसभामा संविधान धारा १६८(२) को सरकार पुनः गठन हुन कठिन हुन्छ। उपधारा (३) को सरकार सबैभन्दा ठूलो पार्टी कांग्रेसकै बन्ने हुँदा एमालेको सहयोग गर्ने आधार बलियो छैन। जसको संकेत नेकपा (एमाले) संघीय संसद्का प्रमुख सचेतक महेश बर्तौलाले गरिसकेका छन्।

"यो कांग्रेसको आन्तरिक मामिला हो। उसले आन्तरिक रूपमा सुटुक्क पनि चाहेको जे हो त्यो परिणाम दिनसक्थ्यो।, "यसलाई बाहिर ल्याएर ठिक भएको छैन, जनतामा राम्रो सन्देश गएको छैन।" कांग्रेसको कोसी प्रकरण दोहोऱ्याउँदा सबैभन्दा घाटा भने मन्त्री पद त्यागेर संसदीय दलको नेता फेर्न राजीनामा दिएका मन्त्रीहरूलाई हुने संकेत देखिँदैछ। उनीहरूले राजीनामा दिएर विरोधमा लाग्दा मुख्यमन्त्री लामा सांसदहरूलाई हाताहाती मन्त्री दिने हैसियतमा पुगेका छन्। १८ सांसदको समर्थन कायम रहेका लामाले एक भोट थप्न सके भने विरोधमा उत्रिएका मन्त्रीहरूको अवस्था भने 'विलखबन्द' बन्ने छ। हतारहतार हस्ताक्षर गरेर नेतृत्व हटाउने र आफ्नो मुद्दा कमजोर बनाउने छ।


# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : झमेला बढ्ने |
| वृष | : अप्रत्यासित लाभ | वृश्चिक | : शुभ यात्रा |
| मिथुन | : शारीरिक झमेला | धनु | : स्वास्थ्यमा सुधार |
| कर्कट | : मानसिक तनाव | मकर | : आर्थिक समस्या |
| सिंह | : व्यापारमा लाभ | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : शत्रुको भय | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# साउन महिनामा आधाले घट्यो मासुको व्यापार

**रासस**
काठमाडौं, १२ साउन

साउनमा मासुको व्यापार आधाले घटेको व्यापारीहरूले गुनासो गरेका छन्। विगत २० वर्षदेखि कलङ्कीमा मासु व्यापार गर्दै आउनुभएको सन्दीप महर्जनका अनुसार साउन महिना लागेसँगै माछामासुको व्यापारमा आधाले कमी आएको छ।

"अन्य समयमा दैनिक १५० वटा कुखुरा खपत हुन्थ्यो भने अहिले दैनिक ८० खपत हुन पनि मुस्किल छ", उहाँले भन्नुभयो, "सोमबार त झन् अत्यन्तै कम सङ्ख्यामा बिक्री हुने गरेको छ।" महर्जनले विगत २० वर्षदेखि खसी र कुखुरा मासुको व्यापार गर्दै आउनुभएको छ। गतका वर्षमा पनि साउन महिना लागेपछि माछामासुको व्यापार कमी हुने गरेको थियो। यस वर्ष भने अझै व्यापारमा कमी आएको उहाँले अनुभव सुनाउनुभयो। साउन महिनालाई चोखो र पवित्रको महिना मानिन्छ। यस महिनामा व्रत बस्ने र माछामासु नखाने सर्वसाधारण बढेपछि कारोबार घटेको हो। अहिले बिहे, भोजलगायतका कार्यक्रम नहुँदा पनि त्यसको असर मासु व्यवसायमा परेको छ। उहाँ भन्नुहुन्छ, "अहीले पसल सुनसान छ।" कलङ्कीको अर्का मासु व्यापारी देव रानाले पनि साउन महिनाले सामुको व्यापारमा विरावट आएको गुनासो गर्नुभयो। असार महिनासम्म दैनिक ३० किलोसम्म सामु बेच्ने गर्नुभएको रानाले अहिले १५ किलो बिक्री हुन पनि मुस्किल रहेको सुनाउनुभयो। हाल राजधानीका करिब तीन हजारको सङ्ख्यामा मासु व्यवसायी छन्। करिब एक हजारको सङ्ख्यामा सानाठूला पशुवधस्थल छन। सानाठूला गरी राँगाभैँसीका करिब २५० वधस्थल छन्। पछिल्लो समय कामपामा मापदण्ड बमोजिम दर्ता नगरी माछामासु व्यवसाय सञ्चालन गर्नेहरूको हाबी रहेको कामपाको वरिष्ठ पशु चिकित्सक डा अवधेश झाले जानकारी दिनुभयो। यसलाई थप व्यवस्थापन गर्नका लागि कामपाले नियमित रूपमा अनुगमन गरिरहेको उहाँको भनाइ छ। माछामासु व्यवसाय गर्नेहरू धेरैलाई यो व्यवसाय कसी गर्ने भन्ने सामान्य ज्ञानसमेत नभएको झाको भनाइ छ। बाह्रदेखि २५ घण्टाको यात्रामा उभ्याएर राख्ने, नाकमा डोरीले बाँधिएको, मुखबाट फिँज निस्केको र शरीरभरि काटिएका, डाम भएका अवस्थामा पशु गन्तव्यमा आइपुग्ने जस्ता विषय सामान्य ज्ञान नहुनुको परिणाम हो, झाले भन्नुभयो।

# खड्गभवानी कोत आन्तरिक पर्यटकको आकर्षक गन्तव्य

**पोखरापत्र संवाददाता**
म्याग्दी, १२ साउन



म्याग्दीको बेनी नगरपालिका-२ मा पर्ने ऐतिहासिक खड्गभवानी कोत आन्तरिक पर्यटकहरूको गन्तव्य बनेको छ। गण्डकी प्रदेश सरकार, बेनी नगरपालिका र पुरातत्व विभागको आर्थिक लगानीमा कोत परिसरमा पूर्वाधार निर्माण भएपछि ६०० वर्ष पुरानो ऐतिहासिकस्थल खड्गभवानी कोतमा आन्तरिक पर्यटकहरूको सङ्ख्या बढेको हो।

खड्गभवानी कोतमा मन्दिर, पदमार्ग, तारबार, पटाङ्गिनीलगायत पूर्वाधारहरू निर्माण भएका छन्। गण्डकी प्रदेश सरकारको रु १५ लाख, बेनी नगरपालिकाको रु ७५ लाख, पुरातत्व विभागको रु १० लाख र अन्य निकायको रु १२ लाख गरी यहाँ रु एक करोड १० लाख बढी लगानीमा धार्मिक र पर्यटकीय महत्वको पूर्वाधार निर्माण भएका छन्। त्यसैगरी सापकोटा बन्धुहरूले करिब रु २४ लाखको लगानीमा दुर्गा भगवती मन्दिर निर्माण गरेका छन् भने बगाले थापाहरूले दुर्गा मन्दिर र खड्गभवानी कोत तथा गुठी व्यवस्थापन समितिले गणेश मन्दिर निर्माण गरेका खड्गभवानी कोत तथा गुठी व्यवस्थापन समितिका अध्यक्ष पूर्णबहादुर सुवेदीले जानकारी दिनुभएको छ। कोत परिसरको पटाङगिनीमा स्लेट ढुङ्गा विछ्याएर चिटिक्क पारिएको छ। चारैतिर धुपि र सल्लाका रुखको हरियाली र उत्तरतर्फ धौलागिरि, नीलगिरिलगायतका नौ वटा हिमशृङ्खलाहरूले यहाँ पुग्ने जो कोहीलाई आकर्षित गर्ने बेनी नगरपालिका-२ ज्यामरुककोटका वडाध्यक्ष यामबहादुर कार्कीले बताउनुभयो। यहाँबाट दक्षिणतर्फ बागलुङको चर्चित धार्मिक तथा पर्यटकीयस्थल पञ्चकोटको सुन्दर दृश्यावलोकन गर्न पाइन्छ। विसं १२४६ देखि १५४५ सम्म थापा खलकले राज्य गरेका ज्यामरुककोटमा तत्कालीन पर्वत राज्यको विस्तारसँगै पर्वत राज्यका शक्तिशाली राजा दिलिपवम (डिम्ब) मल्लका सन्तान भर्दिवम मल्लको समयमा सामरिक क्षेत्र बनेको इतिहासमा उल्लेख छ। कूल ४२ रोपनी क्षेत्रफलमा रहेको कोत परिसरमा मल्लकालीन इतिहास, तोप, खुँडा र तरबारलगायतका हातहतियार, प्राचीन शिला र इँट्टा, खजाना लुकाउने ठाउँ र पानीका लागि बनाइएको राजकुवा ऐतिहासिक प्रमाणस्वरूप अझै आकर्षणका रूपमा रहेका छन्। बेनी नगरपालिकाको रु पाँच लाख र वडा कार्यालयको रु दुई लाख विनियोजित बजेटबाट कोत परिसरमा २१० मिटर घेराबार, दुई मिटर बाटो ढलान, पटाङ्गिनी निर्माण, नाग थान र मौलो राख्ने ठाउँको मर्मत गरिएको ज्यामरुकोट क्षेत्र विकास तथा गुठी व्यवस्थापन समितिका अध्यक्ष सुवेदीले जानकारी दिनुयो। "ऐतिहासिक स्थलको पूर्वाधारलाई सुरक्षित गरी धार्मिक र पर्यटकीयस्थल बनाउने उद्देश्य अनुरुप काम गरिरहेका छौँ", वडाअध्यक्ष कार्कीले भन्नुभयो, "गौश्वारमा निर्माणाधीन गोबर्द्धन धाम र पञ्चकोट धामको सामुन्नेमा रहेको ऐतिहासिक खड्गभवानी कोतलाई धार्मिक पर्यटकीय धाम बनाउने योजनासहित काम भइरहेको छ", अध्यक्ष कार्कीले भन्नुभयो।

# देवघाटमा भक्तजनको घुइँचो



**पोखरापत्र संवाददाता**
चितवन, १२ साउन

साउन महिनाको दोस्रो सोमबारको अवसरमा सोमबार बिहानैदेखि चितवन, तनहुँ र नवलपरासी जिल्लाको सङ्गमस्थल देवघाटधाममा भक्तजनको उल्लेख्य घुइँचो लागेको छ।

गण्डकी, त्रिशूली र कालिगण्डकी नदीको सङ्गमस्थलमा स्नान गर्ने, पूजा गर्ने र शिव मन्दिरमा जल चढाउने श्रद्धालुको घुइँचो लागेको हो। साउन महिनाको सोमबारलाई विशेषरूपमा भगवान् शिवको आराधना गर्ने पवित्र दिन मानिन्छ। यसै सन्दर्भमा आज देशका विभिन्न स्थानबाट आएका भक्तजन देवघाटमा बिहानैदेखि पूजाआजा तथा स्नानमा व्यस्त देखिएका छन्। श्रद्धालुहरू नदीमा स्नान गरेर व्रत बसेका छन् भने शिव मन्दिरमा पूजा, अर्चना तथा जल चढाउने कार्यमा सहभागी भएका छन्। साउन सोमबारको अवसरमा देवघाटमा बोलबम मेला लाग्ने परम्पराअनुसार आजको दिन विशेष रूपमा उत्सवका रूपमा मनाइएको छ।

देवघाट क्षेत्र विकास समिति कार्यालयका सूचना अधिकारी पुष्पराज पौडेलका अनुसार, साउन महिनाभरि आउने भक्तजनको मोटामोटी तथ्याङ्क सङ्कलन गरिँदै आएको छ।

उहाँले भन्नुभयो, "चितवन र तनहुँ दुवैतर्फ कर्मचारी खटाएर भक्तजनको सङ्ख्याबारे जानकारी लिइन्छ। बिहान ५ बजेदेखि साँझ ६ बजेसम्म तथ्याङ्क सङ्कलनको व्यवस्था छ, तर अन्य समय भक्तजन आउने भएकाले औसत सङ्ख्याको मात्र विवरण आउँछ।"

समितिका कार्यकारी निर्देशक सदन बरालका अनुसार, यसवर्ष दुई लाखभन्दा बढी भक्तजन आउने अनुमान गरिएको छ। उहाँले भन्नुभयो, "आज बिहानैदेखि पानी परे पनि भक्तजनको उपस्थिति बाक्लो छ। गत वर्ष बाढीपहिरोका बीच पनि झण्डै दुई लाख भक्तजन आएका थिए, यो वर्ष त्योभन्दा सङ्ख्या बढ्ने अपेक्षा गरेका छौँ।" भक्तजनको सुरक्षाका लागि स्थानीय प्रशासन र क्षेत्र विकास समितिको सहकार्यमा ट्राफिक व्यवस्थापन, स्वास्थ्य सहायता र सुरक्षा व्यवस्थापनको व्यवस्था मिलाइएको छ। प्रहरी, स्वयंसेवक तथा प्राथमिक स्वास्थ्य टोली तैनाथ गरिएको कार्यकारी निर्देशक बरालले जानकारी दिनुभयो। भक्तजनको आगमनसँगै स्थानीय व्यवसायमा चहलपहल बढेको देखिन्छ। देवघाटको चितवन र तनहुँतर्फका दुवै किनारमा फूलमाला, पूजा सामग्री, फलफूल तथा खाजाका पसलमा उल्लेख्य घुइँचो लागेको छ।

# मलेसियाली ईभी प्रोटोनको सोरुम पोखरामा

**पोखरापत्र संवाददाता**
पोखरा, १२ साउन




देशभर विद्युतीय सवारी (ईभी) को प्रयोगलाई तीव्र पार्ने क्रममा प्रोटोनले आफ्नो तेस्रो सोरुम सोमबारदेखि पोखरामा सञ्चालनमा ल्याएको छ। नेपालका लागि प्रोटोन ईभीको आधिकारिक वितरक जगदम्बा मोटर्सले काठमाडौं बाहिर पहिलोपल्ट पोखराको बुद्धचोकमा सोरुम स्थापना गरेको हो।

सोरुममा प्रोटोनको प्रमुख विद्युतीय सवारी साधन प्रोटोन एसयूभी ईमास ७ बिक्रीका लागि राखिएको छ। काठमाडौंको नक्साल र थापाथलीपछि यो तेस्रो सोरुम हो। उक्त अवसरमा प्रोटोनले सम्भावित ग्राहकका लागि टेस्ट ड्राइभ दर्ता, व्यक्तिगत परामर्श, सजिलो फाइनान्स र सरकारी अनुदानका विकल्पका बारे पनि सहजीकरण गरेको छ। बिक्री पछिको सेल्स सपोर्टलाई अझ विश्वासिलो बनाउन नेपालमा प्रोटोनको आधिकारिक वितरक जगदम्बा मोटर्सले ग्राहकलाई विश्वस्तरीय सेवा सुनिश्चित गर्दै पोखरा भित्र तेस्रो सर्भिस सेन्टरको स्थापना गरेको हो।

उद्घाटनका अवसरमा ग्राहकलाई प्रोटोन ईमास ७ को प्रमुख विशेषता, यसको स्मार्ट प्रविधि र दिगो यातायातप्रतिको प्रतिबद्धता बारेमा जानकारी गराइएको थियो। जगदम्बा मोटर्सले पोखरामा सोरुम उद्घाटनको पहिलो सातासम्म ग्राहकका लागि प्रोटोन ईमास ७ खरिद्मा शून्य प्रतिशत ब्याजदरको घोषणा गरेको छ। सोरुमको उद्घाटन पश्चिमाञ्चल अटोमोबाइल्स डिलर्स एसोसिएसन (वाडा) का अध्यक्ष दीपेन्द्र कोइरालाले गरे। उनले पोखरा अटोमोबाइल्सको दोस्रो हव भएको बताउँदै प्रोटोनलाई पोखरामा स्वागत गरे। पोखरामा पहिलो वाडा अटो सो सफलतापूर्वक सम्पन्न गरेको जानकारी दिँदै उनले दोस्रो संस्करणको तयारीमा जुटेको सुनाए। जगदम्बा मोटर्सका वरिष्ठ उपाध्यक्ष राजु भेटवालले सन् २०२५ सम्म राष्ट्रव्यापी विद्युतीय सवारी साधन सञ्जाल स्थापना गर्ने प्रोटोनको फराकिलो योजनाअन्तर्गत पोखरामा स्थापित सोरुम महत्त्वपूर्ण हिस्सा बन्ने बताए। 'पोखरामा हामीले डिलर नै चलाउन खोजेको हो तर अहिलेको बजारको स्थितिलाई हेर्दा सहज नभएकोले आफै संरचना बनायौं,' उनले भने, 'भविष्यमा यहीका स्थानीयले गर्छौं भनेर आउनुभयो भने सहकार्य गर्न तयार छौं।' जगदम्बा मोटर्सका सहायक महाप्रबन्धक आकाशविक्रम थापाले पोखराको बजारलाई महत्त्व दिएर सोरुम स्थापना गरेको बताए। 'यहाँको पर्यटन प्रवर्द्धन र वातावरण संरक्षणमा सहयोग पुग्ने विश्वास लिएका छौं,' उनले भने, 'काठमाडौंमा मन जित्न सफल भएका छौं, पोखरामा पनि सफल हुनेछौं।' सोमबार नै कम्पनीले पोखरा इभेन्ट सेन्टरमा प्रोटोनको एसयूभी ईभी ईमास ७ सार्वजनिक गरेको छ। जगदम्बा मोटर्सले नेपाली बजारमा गत चैतदेखि ईमास ७ को आधिकारिक रुपमा लन्च गरेको थियो। जगदम्बा मोटर्स, प्रोटोन नेपालका कार्यकारी निर्देशक अखिल गुप्ताले ईमास ७ सार्वजनिक गरे। 'प्राकृतिक सौन्दर्य र आधुनिक सोचले भरिपूर्ण सहर पोखरामा प्रोटोन ल्याउन पाउँदा हामी गर्व गर्छौं,' उनले भने, 'यस विस्तारसँगै हामी पश्चिम क्षेत्रभरका व्यक्ति र परिवारका लागि सफा, स्मार्ट र सजिलो यातायात अझ पहुँचयोग्य बनाउनेछौं। यो त केवल सुरुआत हो।' प्राइम र प्रिमियम गरी दुई भेरिएन्टमा उपलब्ध प्रोटोन ईमास ७ को मूल्य क्रमशः ५६ लाख ९९ हजार र ६७ लाख ९९ हजार रुपैयाँ तोकिएको छ। प्लाटिनम सिल्भर, टर्क्वोइज ग्रीन, स्लेट ग्रे, क्वाट्र्ज रोज र लिथियम ह्वाइट गरी विभिन्न ६ कलर अप्सनमा यो ईभी उपलब्ध छ।

जगदम्बा मोटर्सले आगामी आर्थिक वर्षमा नेपालभरि आफ्नो डिलरशिप संख्या विस्तार गर्ने र बलियो सर्भिस सेन्टर नेटवर्क स्थापना गर्ने योजना बनाएको छ। साथै, प्रोटोनले नेपालमा विद्युतीय सवारीका लागि चार्जिङ स्टेसन पूर्वाधार विकासमा पनि लगानी गर्ने बताएको छ।

# मनसुन याममा अन्नपूर्ण आधार शिविरमा पर्यटक भरिभराउ

**वासुदेव पौडेल**
मुस्ताङ, १२ साउन



अन्नपूर्ण हिमालको आधार शिविरसम्म पुग्न वर्षात्को समयमा पनि दैनिक पर्यटक आउने क्रम निरन्तर चलेको छ । मनसुनको याम भए पनि दैनिक ५० जनाभन्दा बढी पर्यटक अहिले पनि अन्नपूर्ण आधार शिविर आउने गरेका छन् ।

छोमरोङ पर्यटन व्यवस्थापन समितिका सचिव दिलीप गुरुङका यस याममा छिटोछिटो फुल्ने. र ओइलाउने बुकी फूलका साथै विभिन्न प्रजातिका फूल एवं यहाँ देखिने हरियाली र खोलानालाले यहाँ आउने जोकोहीलाई पनि लोभ्याउने गर्छ । पदयात्रा पर्यटनका क्षेत्रमा विश्वका उत्कृष्ट पदमार्गमध्येमा अन्नपूर्ण आधार शिविर जाने पदमार्गले चासो र चर्चा कमाएको छ । मनसुनका समयमा पनि पर्यटक आगमन भइरहँदा यहाँका पर्यटन व्यवसायी उत्साहित छन् । झण्डै साढे चार दशकअघिसम्म यस क्षेत्रमा आउनुपर्दा पर्यटकले यहाँका भेडी गोठका साथै स्थानीयवासीले बनाएका चित्रा वा भकारीले बारेका झुपडीमा बस्नुपर्ने बाध्यता थियो । अहिले यहाँ बनेका सुविधा सम्पन्न होटेलका कारण त्यो बाध्यता हटिसकेको सचिव गुरुङ बताउनुहुन्छ । केही वर्ष अघिसम्म यस पदमार्गमा पर्ने सिनुवा, बाम्बो, हिमालय, दोभान, देउराली, माछापुच्छे आधार शिविर र अन्नपूर्ण आधार शिविरमा २६ होटेल सञ्चालनमा थिए । अन्नपूर्ण क्षेत्र संरक्षण आयोजना (एक्याप) द्वारा २०४३ सालदेखि संरक्षण हुँदै आएको यस क्षेत्रमा एक्यापको निर्धारित मापदण्डअनुसार यसअघि प्रत्येक होटलमा ६ का दरले एक सय ५६ कोठा थिए । तर पछिल्लो समयमा पर्यटकको बढ्दो आकर्षणलाई दृष्टिगत गर्दै यहाँ होटेल स्तरोन्नतिसँगै होटेल विस्तार गरिएका छन् । पछिल्लो समयमा सिनुवा र यसभन्दा माथि ३४ होटेल सञ्चालनमा आइसकेका सचिव गुरुङले जानकारी दिनुभयो । होटेलको संख्या बिस्तारसँगै यहाँ पर्यटक लक्षित सुविधा पनि बृद्धि गरिएको छ । पछिल्लो समयमा पदमार्ग अन्तर्गतका सिनुवामा चार, बाम्बोमा छ, हिमालयमा तीन, देभानमा पाँच, देउरालीमा पाँच, माछापुच्छ्रे आधार शिविरमा पाँच र अन्नपूर्ण आधार शिविरमा ६ होटेल सञ्चालनमा छन् । "होटेलको संख्यासँगै क्षमता बिस्तार गरिएपछि अहिले यस क्षेत्रमा आउने पर्यटकलाई दैनिक पाँच सयदेखि छ सय जनासम्म राख्न सकिन्छ", उहाँले भन्नुभयो, "अन्नपूर्ण आधार शिविरको पदयात्रामा आउने पर्यटकलाई यहाँका होटेल व्यवसायीले राम्रो आतिथ्यता प्रदान गर्ने गरेका छन् ।" पर्यटकको आगमनलाई लक्षित गरी यहाँका व्यवसायीले पदमार्ग नियमित रूपमा सरसफाई गर्ने गरेका छन् । सामान्यतः असार पहिलो हप्ता र साउन अन्तिम हप्ता यस पदमार्गमा नियमित सरसफाई गर्ने गरिएको छ । चैत-वैशाखको मुख्य पदयात्राको यामसँगै त्यस यता पदमार्गमा हुने गरेको फोहोरलाई असारको पहिलो हप्तामा सफा गर्ने गरिएको छ । यस वर्ष मात्रै उक्त पदमार्ग क्षेत्रबाट २९० बोरा सिसा तथा प्लाष्टिकजन्य फोहोर सङ्कलन गरी पोखरास्थित ग्रिन वेष्ट म्यानेजमेन्ट जोनमा पठाइएको सचिव गुरुङले जानकारी दिनुभयो । भदौ पहिलो सातादेखि पर्यटकको चहलपहल बढ्ने पर्यटन व्यवसायी बताउँछन् । पर्यटक आगमन बढ्ने उक्त समयलाई लक्षित गरी तयारी थालिएको छ । अन्नपूर्ण सेन्चुरी पर्यटन समितिले प्रत्येक वर्ष अन्नपूर्ण आधार शिविरदेखि घान्द्रुकसम्म अन्तराष्ट्रिय अन्नपूर्ण म्याराथन गर्दै आएको छ । अन्नपूर्ण आरोहण दिवसका अवसरमा २०७५ सालदेखि म्याराथनप्रतियोगिता गर्दै आएको अन्नपूर्ण सेन्चुरी पर्यटन समितिका अध्यक्ष ललित गुरुङले जानकारी दिनुभयो । हालसम्म पाँचौं संस्करणको अन्नपूर्ण म्याराथन सम्पन्न गरिसकिएको जानकारी दिदै उहाँले यसले पनि यस क्षेत्रको पदयात्रा पर्यटनलाई स्वदेश एवम् विदेशमा प्रवर्द्धन गर्न महत्वपूर्ण योगदान पुऱ्याएको बताउनुभयो । सन् १९५० जुन ३ तारिखका दिन फ्रान्सेली नागरिक मौरिस हर्जोगको टोलीले अन्नपूर्ण प्रथम हिमालको आरोहण गरी विश्व कीर्तिमान राखेसँगै यस अन्नपूर्ण क्षेत्रले विश्वव्यापी चर्चा पाएको थियो । उक्त दिनलाई अन्नपूर्ण आरोहण दिवस (अन्नपूर्ण डे) का अवसरमा विभिन्न कार्यक्रम गरी मनाउने गरिएको छ । समुद्री सतहबाट आठ हजार ९१ मिटर उचाइको अन्नपूर्ण प्रथम आरोहणको सफलतापछि सन् १९५३ मे २९ मा तेन्जिङ नोर्गे शेर्पा र एडमण्ड हिलारीले विश्वको सर्वोच्च शिखर सगरमाथाको आरोहण गरेका थिए । अन्नपूर्ण हिमालको आरोहण भएको डेढ दशकपछि सन् १९६६ मा विश्वप्रख्यात पदयात्री एरिक सिप्टनले चार हजार एक सय ३० मिटर उचाइको अन्नपूर्ण आधार शिविरको पदयात्रा गरेसँगै यो क्षेत्र क्रमिक रूपमा पदयात्राका लागि आकर्षक गन्तव्य बन्दै गएको हो ।

# परिवार व्यवस्थापन, यौन तथा प्रजनन स्वास्थ्यमा लगानी बढाउन माग

**पोखरापत्र संवाददाता**
पोखरा, १२ साउन

नेपाल परिवार नियोजन सङ्घले परिवार व्यवस्थापन एवं यौन तथा प्रजनन स्वास्थ्य अधिकारमा लगानी बढाउन गण्डकी प्रदेश सरकारलाई आग्रह गरेको छ । यस क्षेत्रमा गरिएको लगानीले किशोरकिशोरी तथा महिला स्वास्थ्यमा उल्लेखनीय सुधार आउने जनाउँदै सङ्घले प्रदेश सरकारलाई सो आग्रह गरेको हो ।

सङ्घद्वारा यहाँ आयोजित ' गण्डकी प्रदेशमा परिवार नियोजन एवं यौन तथा प्रजनन स्वास्थ्य र अधिकारको अवस्था' विषयक पैरवी कार्यक्रमका सहभागिहरुले सो आग्रह गर्दै प्रदेशका प्रजनन उमेर समूहका सबै व्यक्तिमा गुणस्तरीय परिवार नियोजन सेवाको पहुँच सुनिश्चिता गराउनुपर्नेमा जोड दिनुभयो । स्वास्थ्यमन्त्री कृष्णप्रसाद पाठकले कार्यक्रमको शुभारम्भ गर्नुहुँदै प्रदेशका प्रजनन उमेर समूहका सबै व्यक्तिमा गुणस्तरीय परिवार नियोजन सेवाको सुनिश्चिता गराउने जानकारी दिनुहुँदै प्रदेशमा यस सेवाका लागि आवश्यक बजेट विनियोजनसमेत गरिने बताउनुभयो । उहाँले भन्नुभयो, "प्रदेश सरकारले सबै जनतामा गुणस्तरीय स्वास्थ्यको पहुँच अभिवृद्धि गर्न उच्च प्राथमिता एवं लगानी गरेको छ । यसक्रममा परिवार व्यवस्थापन एवं यौन तथा प्रजनन स्वास्थ्य अधिकारमा लगानी वृद्धि गरिने छ ।" मन्त्री पाठकले गण्डकी प्रदेशमा परिवार व्यवस्थापन एवं यौन तथा प्रजनन स्वास्थ्य अधिकारका लागि नेपाल परिवार नियोजन सङ्घले गरिरहेको सेवाको प्रशंसा गर्नुहुँदै अगामी दिनमा सेवा जारी राख्न सङ्घलाई आग्रह गर्नुभयो । उहाँले यसका प्रदेश सरकारले सङ्घलाई सहयोग गर्ने जानकारी दिनुभयो । कार्यक्रममा गण्डकी प्रदेश सामाजिक विकास तथा कृषि समितिका सभापति दमयन्ती रुचाल, राप्रपा संसदीय दलका नेता पञ्चराम गुरुङ, प्रदेशसभा सदस्यहरु सरस्वती गुरुङ, प्रकाश बराल, देवका पहारी, गणेशमान गुरुङ र नन्दकला नेपालीले यौन तथा प्रजनन स्वास्थ्य अधिकार बारेमा प्रतिबद्धता जनाउँदै परिवार नियोजनको आधुनिक साधनको मागलाई पूरा गर्न ध्यान दिन आग्रह गर्नुभयो । उहाँहरुले यौन तथा प्रजनन स्वास्थ्य अधिकार सम्बन्धी नीति तर्जुमा र बजेट विनियोजन गर्न समेत सहयोग गर्ने बताउनुभयो । यसैगरी प्रदेश नीति तथा योजनाका सदस्य दुर्गा अधिकारी र स्वास्थ्यकर्मी विद्या कोइरालाले यौन तथा प्रजनन स्वास्थ्य अधिकारलाई कार्यान्वयनमा लैजान मिलेर काम गर्नुपर्छ भन्नुभयो । कार्यक्रममा स्वास्थ्य निर्देशक खिमबहादुर खड्काले गण्डकी प्रदेशमा स्वास्थ्य तथा परिवार योजना, प्रजनन स्वास्थ्य अधिकार अवस्थाका बारेमा कार्यपत्र प्रस्तुत गर्नुहुँदै गण्डकी प्रदेशमा लैङ्गिक असमानता दर बढेको बताउनुभयो । उहाँका अनुसार ४५ हजार छोरा जन्मिएकामा ३९ हजार मात्र छोरी छन् । नेपाल परिवार नियोजन सङ्घका अनुगमन मूल्याङ्कन निर्देशक चेतराज जोशीले परिवार योजनामा लगानी गर्दाका फाइदा एवं विपद्का समयमा परिवार व्यवस्थापन तथा प्रजनन स्वास्थ्य सेवाका आवश्यकताका बारेमा कार्यपत्र प्रस्तुत गरेको थियो । सोही कार्यक्रममा मन्त्री स्वास्थ्यमन्त्री पाठकले गण्डकी प्रदेशका प्रजनन उमेर समूहका सबै व्यक्तिमा गुणस्तरीय परिवार नियोजन सेवाको सुनिश्चिता गराउने एवं प्रदेशमा यस सेवाका लागि आवश्यक बजेट विनियोजन गर्नका लागि लिखित प्रतिबद्धता जनाउनु भएको थियो ।

अन्तरराष्ट्रिय परिवार नियोजन महासङ्घको आर्थिक सहयोगमा सम्पन्न सो कार्यक्रममा नेपाल परिवार नियोजन सङ्घ कास्की शाखाका सभापति नवीन सिग्देलले सङ्घले गरिरहेका कामकाबारेमा जानकारी दिनुहुँदै परिवार व्यवस्थापन एवं यौन तथा प्रजनन स्वास्थ्यका बारेमा ग्रामीणस्तरमा सञ्चालन गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

कार्यक्रममा जिल्ला समन्वय समिति कास्कीका प्रमुख लीलाधर पौडेल, मादी गाउँपालिकाका अध्यक्ष देवीजङग गुरुङ, शिक्षा विकास तथा समन्वय इकाइका प्रमुख लोकनाथ आचार्य, पोखरा महानगरपालिकाका प्रवक्ता मोतीलाल तिम्सिना लगायतले परिवार व्यवस्थापन तथा यौन तथा प्रजनन स्वास्थ्य अधिकारको महत्व र लगानी बढाउन पैरवी आवश्यता रहेका बताउनुभयो ।

# पारा तेक्वान्दो टोली मलेसिया जाँदै

**रासस**
काठमाडौं, १२ साउन

दशौं एसियाली जुनियर, क्याडेट तथा पारा तेक्वान्दो च्याम्पियनसिपमा सहभागी हुन पाँच खेलाडीसहित सात सदस्यीय नेपाली टोली मलेसियाको सरावक जाने भएको छ ।

यही जुलाई २४ देखि सुरु भएको उक्त प्रतियोगिता अगष्ट १ तारिखसम्म सञ्चालन हुनेछ । पाराको ग्योरोगीतर्फको खेल अगष्ट १ तारिखमा हुनेछ । पाँचै खेलाडीले 'के ४४ क्याटगोरी'अन्तर्गत विभिन्न तौल समूहमा नेपालको चुनौती प्रस्तुत गर्ने छन् । पुरुष ५८ केजीमुनि ओलम्पियन भरतसिंह महता तथा ६३ केजीमुनि अमिर भ्लोनले प्रतिस्पर्धा गर्ने छन् । महिला ५७ केजीमुनि पेरिस पारालिम्पिक तथा चौथो एसियाली पारा खेलकुदकी कास्य विजेता पलेशा गोवर्द्धन तथा ४७ केजीमुनि कामना प्रसाईं र रेणु तामाङले खेल्ने छन् । कामना र रेणुको यो 'डेब्यु' अन्तरराष्ट्रिय प्रतियोगिता हुनेछ । चीनको साङ्घाइमा अध्ययन गरिरहेकी पलेशा त्यतैबाट मलेसिया जाने जनाइएको छ । टोलीको व्यवस्थापकमा राखेपका सदस्य रामचन्द्र श्रेष्ठ तथा प्रशिक्षकमा कविराज नेगी लामा रहेका छन् ।

नेपालले सुरुको संस्करणदेखि नियमित रूपमा प्रतियोगितामा सहभागी हुँदै आएको छ । यो अवधिमा एक रजत र पाँच कास्य गरी छ पदक जितेको छ । रञ्जना धामीले रजत र कास्य जितेकी छन् । पलेशा, अरुण शाक्य, सीता भण्डारी र रोहितहाङ राईले कास्य प्राप्त गरेका छन् । प्रतियोगितामा ४५ राष्ट्रका १५० खेलाडीको सहभागिता रहने प्रशिक्षक लामाले जानकारी दिनुभयो । टोलीलाई राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्य-सचिव टङ्कलाल घिसिङ, राखेपका सदस्य हिमालकुमार श्रेष्ठ र राष्ट्रिय टोली तयारी समितिका निर्देशक दीपक विष्टले आज यहाँ आयोजित एक कार्यक्रममा बिदाइ गर्नुभयो । कार्यक्रममा सदस्य-सचिव घिसिङले नेपाली पारा तेक्वान्दो 'ब्रान्ड' का रूपमा स्थापित भइसकेको धारणा राख्दै अन्तरराष्ट्रिय मञ्चमा पारा तेक्वान्दोले हासिल गरेको उपलब्धिलाई टोलीले निरन्तरता दिने विश्वास व्यक्त गर्नुभयो ।

निर्देशक विष्टले पारा तेक्वान्दोमा एसिया बलियो क्षेत्र भएकाले यो प्रतियोगितामा पदक जित्न सके ओलम्पिकमा पदक जित्ने सम्भावना प्रबल हुने बताउनुभयो । प्रशिक्षक लामाले वरियता सुधारका लागि प्रतियोगिता महत्त्वपूर्ण भएको र यसमा सफल भए ओलम्पिकमा सहभागिता सहज हुने बताउनुभयो । नेपाली टोली भोलि मलेसिया प्रस्थान गर्नेछ ।

# चार सय घरमा खानेपानीको सुविधा

**पोखरापत्र संवाददाता**
म्याग्दी, १२ साउन

यहाँको मालिका गाउँपालिका-३ का ४०० घरमा खानेपानी सुविधा विस्तार गरिएको छ ।

मालिका गाउँपालिका, नेपाल नेवा नामक संस्थाको सहयोग र उपभोक्ताको श्रमदानमा निर्माण गरिएका तीन वटा खानेपानी, सरसफाइ तथा स्वच्छता आयोजनामार्फत घरघरमा धारा जडान गरेर खानेपानी वितरण गरिएको हो । ती आयोजनाबाट डाडागाउँ, किटेनी, औल, सराग्दी र स्यागलुङका २२५ घरपरिवार, पाल्लेका १२२ र लुम्पीपारका ५३ घर परिवार लाभान्वित भएको सो वडाका अध्यक्ष मोतिप्रसाद बुढाले जानकारी दिनुभयो । रु दुई करोड १४ लाखमा निर्माण गरिएका तीन वटै योजनाको आइतबार मालिका गाउँपालिकाका अध्यक्ष बेगप्रसाद गर्बुजाले उद्घाटन गर्नुभयो । गाउँलेले यसअघि सार्वजनिक धाराबाट खानेपानी उपभोग गर्दै आएका थिए । घरघरमा धारा बनेपछि समयको बचत, झन्झट हट्नुका साथै घरायसी कामकाज सहज भएको पाल्लेका स्थानीयवासी बलबहादुर रोकाले बताउनुभयो । खानेपानी योजना निर्माणका लागि उपभोक्ताले प्रतिपरिवार ५० देखि ६० दिनका दरले श्रमदान गरेका थिए ।

पानीको मितव्ययी प्रयोगका लागि मिटर जडान गरिनुका साथै धारा वरपरको वातावरणलाई स्वच्छ बनाउन भाडा सुकाउने पक्की चाङ समेत निर्माण भएको पाल्ले सिममुल खानेपानी, सरसफाई तथा स्वच्छता उपभोक्ता संस्थाका सचिव धनबहादुर रोकाले बताउनुभयो ।

# 'नेफ्रोटिक सिन्ड्रम' नहोस् भन्नाका लागि समय समयमा बालबालिकाको पिसाब परीक्षण गराउने कि

**सन्तोष गौतम**
म्याग्दी, १२ साउन/रासस



तनहुँको दमौली निवासी दिपासा आले 'नेफ्रोटिक सिन्ड्रम' (पिसाबमा प्रोटिन चुहिने) समस्या भएका छोराको उपचारका लागि करिब दुई वर्ष काठमाडौँ धाउनुभयो । पर्वतको जलजला गाउँपालिका-३ की चन्द्रकुमारी खत्री पनि 'नेफ्रोटिक सिन्ड्रम' भएकी छोरीको उपचारका लागि पछिल्लो दुई वर्ष हरेक तीन/तीन महिनामा काठमाडौँ पुग्नुभयो ।

तनहुँकी आले र पर्वतकी चन्द्रकुमारी जस्तै देशभरका अभिभावक 'नेफ्रोटिक सिन्ड्रम' भएका बच्चाको उपचारका लागि संघीय राजधानी काठमाडौँका अस्पतालमा पुग्नुपर्ने बाध्यता छ । "पोखरामा रोग पहिचान भए पनि विशेषज्ञ चिकित्सकको( बच्चाको मिर्गौला र पिसाब रोग विशेषज्ञ) अस्पतालमा सेवा नभएकाले उपचार, औषधि र फलोअपका लागि काठमाडौँ जानुपरेको हो," चन्द्रकुमारीले भन्नुभयो "बच्चाको उपचारका लागि खानेपानी उपभोक्ता संस्थाको जागिर छाडेर दुई वर्ष काठमाडौँमा डेरा लिएर बसे ।" काठमाडौको त्रिवि शिक्षण अस्पताल, किष्ट, नेपाल मेडिकल कलेज, पाटन, कान्ति बाल र केही निजी बाल अस्पतालमा मात्र 'नेफ्रोटिक सिन्ड्रम'सम्बन्धी विशेषज्ञ चिकित्सक र उपचार सेवा उपलब्ध छ ।

त्रिवि शिक्षण अस्पतालका बालरोग तथा बच्चाको मिर्गौलासम्बन्धी विशेषज्ञ डा दमनराज पौडेलले उपचारका लागि आउने अधिकांश बिरामी उपत्यका बाहिरका भएका जानकारी दिनुभयो । "शिक्षण अस्पतालमा महिनाको आठ दिन ओपिडि हेर्दा २० देखि ३० जना ' निफ्रोटिक सिन्ड्रोम'का बिरामी हुन्छन्," उहाँले भन्नुभयो "हामी कहाँ आउने बिरामी बच्चाहरु मध्ये श्वाश प्रश्वासपछि सङ्क्रमण र पिसाबसम्बन्धी समस्या भएकाको सङ्ख्या बराबरी छ ।" नेपालमा दुई अङ्क भन्दा कमको सङ्ख्यामा रहेका बच्चाको मिर्गौलासम्बन्धी विशेषज्ञ चिकित्सकहरु सबै काठमाडौँमा छन् ।

**के हो 'नेफ्रोटिक सिन्ड्रम'**

डा. पौडेलका अनुसार जनमानसलाइ बुझाउदा "निफ्रोटिक सिन्ड्रम" मिर्गौलाबाट धेरै प्रोटिन चुहिने एक बिमार वा स्वास्थ्य समस्या हो । हालसम्म नेपाली नामाकरण भएको छैन । दुईदेखि छ वर्ष उमेर समूहका बच्चामा यो समस्या धेरै देखिने गर्छ । नगण्य मात्रामा एक वर्षभन्दा कम उमेरका बच्चा र १२ वर्ष सम्मका बालबालिकामा पनि यस्तो समस्या देखिने गरेको छ । "मिर्गौलाको जालीमा असर हुँदा पिसाबमा प्रोटिन धेरै मात्रामा चुहिएर शरीरका लागि आवश्यक पर्ने प्रोटिन पुग्दैन," डा पौडेलले भन्नुभयो "शरीरमा आवश्यकता भन्दा कम प्रोटिन हुँदा नशामा भएको पानी बाहिर निस्की शरीर फुल्न वा सुनिन थाल्दछ ।

**नेफ्रोटिक सिन्ड्रम'का लक्षणहरू**

बच्चाको आँखाबाट सुरु गरेर पेट, खुट्टा र पूरा शरीर सुनिदै जान्छ । पिसाब कम हुँदै जाने र फिँज आउनु पनि थप लक्षण भएको डा पौडेलले बताउनुभयो । वैज्ञानिकहरुले अध्ययन अनुसन्धान गरिरहेको भए पनि हालसम्म 'नेफ्रोटिक सिन्ड्रम'(१ देखि १२ वर्ष मा लाग्ने) को कारण पहिचान यही हो भनिसकेका छैनन् । 'भाइरल इनफेक्सन' र एलर्जीका कारण मिर्गौलाको जालीमा असर भएर प्रोटिन चुहिने चिकित्सकहरुको अनुमान छ । प्रोटिन चुहिँदा शरीरमा रोगसँग लड्ने क्षमता पनि कमजोर यस बिमारले बनाउँछ । एक वर्षभन्दा कम उमेरका बालबालिकामा हुने नेफ्रोटिक सिन्ड्रमको कारण वंशाणुगत मानिएको छ । बच्चाहरुको नियमित पिसाब परीक्षण, लक्षण देखिने वित्तिकै स्वास्थ्य परीक्षण, औषधि सेवन गर्ने हो भने 'नेफ्रोटिक सिन्ड्रम' निको हुन्छ । निश्चित समयपछि दोहोरिने जोखिम यस बिमारमा हुनसक्छ । बालरोग चिकित्सक वा बच्चाको मिर्गौला रोग विशेषज्ञको सल्लाह अनुसार नियमित औषधि सेवन गर्नुपर्ने हुन्छ । औषधिले काम गरेको खण्डमा भविष्यमा मिर्गौला खराब हुने सम्भावना धेरै नै कम हुन्छ । 'नेफ्रोटिक सिन्ड्रम'का बिरामीले प्रयोग गर्ने 'प्रेड्निसोलोन' नामको औषधि नेपालमा पाइन्छ । कहिलेकाँही दोहोरिएको खण्डमा त्यही औषधि छोटो समय लाई सञ्चो पार्न सकिन्छ । धेरैपटक बिमार फर्कदा 'प्रेड्निसोलोन' जस्तो औषधि लामो समय वा बारम्बार प्रयोगर्नुपर्ने हुन्छ जसले गर्दा उचाइ नबढ्ने, मोतिबिन्दु, आँखाको प्रेसर बढ्ने, सुगर हुने, हड्डी खिइने जस्ता 'साइड इफेक्ट' देखिनसक्छ । बारम्बार भइराख्ने बच्चालाई 'साइड इफेक्ट' नहुने अरू औषधि प्रयोग गर्नुपर्ने हुन्छ, जुन नेपालमा सजिलैसँग पाइदैन । भारतबाट ल्याउन कहिलेकाँही धेरैनै कठीन र साथसाथै महँगो पर्न गएको नेफ्रोटिक सिन्ड्रमबाट बिरामी भएका म्याग्दीको मालिका गाउँपालिका-४ का ६ वर्षीय बच्चाका अभिभावक दुर्गा आचार्य गौतमले बताउनुभयो ।

नेपालमा नपाइने औषधिलाई दर्ता गरेर सहज र उपचार सेवालाई प्रदेश स्तरसम्म विस्तार गरेमा उपचारमा सहज हुने उहाँले बताउनुभयो ।